राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको नियुक्ति सिफारिस समितिको
दरखास्त आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०७३/०९/०४)

शिक्षा ऐन, २०२८ को दफा ४क. (१) बमोजिम माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्डको व्यवस्था गरेको र सो बोर्डमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट सोही ऐनको दफा ४क. (३) बमोजिम गठित सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गर्ने व्यवस्था गरेको छ । सिफारिस समितिद्वारा स्वीकृत कार्यविधि, २०७३ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरुबीच योग्यता क्रम निर्धारण गरी उच्च अंक प्राप्त गर्ने उम्मेदवार अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गरिनेछ । यस प्रयोजनको लागि देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष भएपछि बोर्डको नेतृत्व गर्ने र चाल्ने नेतृत्वदायी भूमिका सहितको बढिमा २५०० शब्दसम्मको अवधारणापत्र (concept paper) तथा बढिमा २५०० शब्दसम्मको चार वर्षको व्यवसायिक कार्ययोजना (professional work plan ) समेत संलग्न गरी सिलबन्दी दरखास्त सिफारिस समितिको सचिवालय, शिक्षा मन्त्रालय, सिंहदरवारमा कार्यालय समय भित्र पेश गर्न आह्वान गरिन्छ ।

१.राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि शिक्षा ऐन, २०२८ को दफा ४क.(२)(क) मा उल्लेखित योग्यताको अतिरिक्त देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) नेपाल सरकारको राजपत्रांङ्कित विशिष्ट श्रेणी, प्राध्यापक वा सो सरहको पदमा काम गरिरहेको वा गरिसकेको ।

(ख) दरखास्त दिएको अन्तिम मितिसम्म ४० वर्ष उमेर पुगेको र ६१ वर्ष ननाघेको ।

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(घ) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(ङ) परीक्षा बोर्डसँग कुनै किसिमको स्वार्थको टकराव (conflict of interest) नरहेको ।

स्पष्टीकरण: ऐनको दफा ४क. को (२)(क) को प्रयोजनको लागि “शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव” भन्नाले शिक्षा वा प्राध्यापन क्षेत्रमा बाह्र वर्षको अनुभव हासिल गरी सोही समयमा परीक्षा व्यवस्थापन र सञ्चालन कार्यमा कम्तीमा तीन वर्ष सहितको अनुभवलाई जनाउनेछ ।

२.दरखास्तका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु समावेश हुनुपर्नेछ :–

(क) नेपालको नागरिकता प्रमाणपत्रको छायाप्रति ।

(ख) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरु ।

(ग) शिक्षा र परीक्षाको क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातहरु ।

यो सूचना २०७३ पौष ४ गतेको गोरखापत्र तथा लोकसेवा आयोगको वेबसाइट www.psc.gov.np मा पनि हेर्न सकिनेछ।